# मिति २०७४/१२/२१ गतेको कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं १**

स्थानीय सरकार संचालन ऐन, २०७४ दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका कार्यविधि, नियमावली तथा निर्देशिकाहरू पारित गरी लागु गर्ने निर्णय गरियो ।

तपशिल

१. "घ" वर्गको निर्माण व्यवसाय इजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४

२. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४

३. शिक्षा नियमावली, २०७४

४. बजार अनुगमन निर्देशिका, २०७४

**निर्णय नं २**

यस मेलम्ची नगरपालिका अन्तर्गत कृषि विकास शाखाको बार्षिक कृषि विकास कार्यक्रम यथावत रूपमा संचालन गर्दे नेपाल सरकारबाट अनुदान उपलब्ध गराउँने गरी प्राप्त भएका थोपा सिंचाई तथा प्लाष्टिक टनेल देहाय बमोजिम वितरण गर्ने निर्णय गरियो ।

तपशिल

(क) वडा नं ३ मा ३ वटा थोपा सिंचाई सेट, वडा नं २ मा २ वटा थोपा सिचाई सेट र वडा नं ५ मा १ वटा थोपा सिचाई सेट गरी कुल ६ वटा थोपा सिंचाई सेट आवेदकहरूलाई ७५ प्रतिशत अनुदानमा सम्बन्धित वडा कार्यलयको सिफारिसका आधारमा उपलब्ध गराउने ।

(ख) यस नगरपालिका अन्तर्गतका बाँकी वडाहरूमा कार्यक्रम बजेट अनुसार ६ वटा थोपा सिचाई सेटको मुल्य तथा सामाग्री ढुवानिको मुल्य घटाई ७५ प्रतिसत अनुदानमा खरिद गर्न सकिने १३० वटा प्लाष्टिक सेट वडाहरूबाट प्राप्त निवेदन र वडा कार्यलयको छनौट तथा सिफारिसका आधारमा वडा नं १ मा १० थान, वडा नं २ मा १५ थान, वडा नं ३ मा १० थान, वडा नं ४ मा १४ थाान, वडा नं ५ मा ६ थान, वडा नं ६ मा २ थान, वडा नं ९ मा ५ थान, वडा नं १० मा १७ थान, वडा नं ११ मा २३ थान, वडा नं १२ मा ७ थान र वडा नं १३ मा १९ थान टनेलका लागि प्लाष्टिक सेट वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

मेलम्ची नगरपालिकाको वडा कार्यालयहरूमा विनियोजन गरिएको कृषि बजेट तथा कार्यक्रमहरू कृषि विकास शाखासँग समन्वय गरी प्रभावकारी रूपमा परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

नेपाल सरकारबाट कृषक समुह तथा कृषि सहकारीहरूलाई कृषि औजार वितरणको लागि ५० प्रतिशत अनुदान वा बढिमा रू ३०,०००।- सम्म अनुदान दिने व्यवस्था बमोजिम यस मेलम्ची नगरपालिका अन्तर्गत कृषि औजार माग गर्नका लागि सूचना जारी गरिएकोमा तोकिएको समय सिमाभित्र प्राप्त भएका निवेदनलाई आधारमा सम्बन्धित वडा कार्यलयहरूको छनौट तथा सिफारिसका आधारमा यस नगरपालिका अन्तर्गत वडा नं २ मा ३ थान, वडा नं ३ मा १ थान, वडा नं ४ मा ४ थाान, वडा नं ५ मा ५ थान, वडा नं ६ मा ३ थान, वडा नं ८ मा २ थान, वडा नं ९ मा १ थान, वडा नं १० मा ७ थान, वडा नं ११ मा ९ थान, वडा नं १२ मा १२ थान र वडा नं १३ मा ४ मेशिनरी औजार वितरण गर्ने निर्णय गरियो । साथै धान ब्लक संचालक समिति मेलम्चीलाई ५ थान र ब्यक्तिगत कृषक तथा

फर्महरूलाई प्राप्त निवेदनहरूमध्ये आवश्यकता र औचित्यताको आधारमा गोलाप्रथा विधिद्वार ३ थान मेशिनरी औजार प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

मिति २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट यस मेलम्ची नगरपालिका वडा नं. १ मा रहेको स्थानीय गैह्र सरकारी संस्था स्वास्थ्य समिति, भोटेचौर (ग्रामीण सामुदायिक स्वास्थ्य केन्द्र) को क्लिनिक भवन र सो भवनमा रहेका मेडिकल यन्त्र तथा उपकरणहरू पूर्ण रूपमा क्षति भएकोले उल्लेखित संस्थाको लागि मेडिकल यन्त्र उपकरणहरू खरिद तथा व्यवस्थापनका गर्न रू. ८,५०,०००।- (अक्षरूपी आठ लाख पचास हजार रूपैयाँ मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस मेलम्ची नगरपालिका अन्तर्गत देहाय बमोजिमका योजना तथा कार्यक्रमहरू संचालन गरी यस नगरलाई समृद्ध नगरपालिका निर्माण गर्न आवश्यक देखिएकोले तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरू संचालनको लागि केन्द्र तथा प्रदेश सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

<u>केन्द्र सरकार समक्ष माग गर्ने योजना तथा कार्यक्रमहरू</u>

<u>(क) शिक्षा तर्फ</u> :

(१) माध्यामिक तह - २० वटा दरवन्दी
(२) निम्न माध्यामिक विद्यालय तह - १५ वटा दरवन्दी
(३) आधारभूत तह - १० वटा दरवन्दी

<u>(ख) मोटर पुल तर्फ</u> :

(१) तालामाराङ बजार भट्टारफाँट मोटर पुल, मेलम्ची नगरपालिका वडा नं. ६ र ७
(२) तिते खाल्डे मोटर पुल, मेलम्ची नगरपालिका वडा नं. ८ र ९

<u>(ग) सडक निर्माण (पिच) तर्फ</u> :

(१) मेलम्ची तिम्बु सडक
(२) भोटेचौर काउले दोभान बाहुनेपाटी सडक
(३) पिप्ले ओखेनी तालामाराङ सडक
(४) मेलम्ची चौतारा सडक
(५) साँखु फट्केश्वर सडक
(६) फटिकेश्वर ठाँटी भञ्ज्याङ्ग सडक (मेलम्ची काठमाडौं वैकल्पिक सडक )

<u>(घ) पर्यटन क्षेत्र विकास तर्फ</u> :

(१) ग्रीन सिटी पार्क निर्माण, मेलम्ची नगरपालिका वडा नं. १०
(२) मेलम्ची नगरपालिका वडा नं. ४, ५, ६ र ११ को बीच भाग धौले पर्यटन क्षेत्र निर्माण तथा चिया खेती
(३) मेलम्ची नगरपालिका वडा नं. ९ र १० को गुफा चांखु पर्यटन क्षेत्र निर्माण तथा चिया खेती

(ङ) आद्योगिक क्षेत्र घोषणा :

(१) जर्केखोला देखि सिपाघाटसम्मको नदी किनार क्षेत्र

(२) ईन्द्रावती करिडोर निर्माण

प्रदेश सरकार समक्ष माग गर्ने योजना तथा कार्यक्रमहरू

(क) सडक तर्फ :

(१) मेलम्ची नगरपालिका चक्रपथ निर्माण

(२) सिन्धु हेल्थपोष्ट थाक्ले कटुञ्जे मानेभञ्ज्याङ्ग सडक (मध्य पहाडी लोकमार्ग)

(३) भदौरे तालामाराङ सडक

(४) मेलम्ची ज्यामिरे चांखु सडक

(५) मेलम्ची धुसेनीचौर धौले पर्यटन मार्ग

(६) मेलम्ची चौतारा सडक

(ख) सिंचाई तर्फ :

(१) निग्लिती खोला मुहान पसले डाँडा मुहान सिंचाई योजना

(२) मेलम्ची खोला मुहान स्वाँरा अमारे दोभानटार सिंचाई योजना

(ग) स्वास्थ्य तर्फ :

(१) मेलम्ची नगरपालिकाको प्रस्तावित १५ शैयाको अस्पताललाई २५ शैयाको निर्माण ।

(२) मेलम्ची नगरपालिका वडा नं. २ र ८ मा स्वाथ्य चौकी भवन निर्माण ।